## वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परीक्षणसँग सम्बन्धित

### सूचनाः

वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्यजन्य जोखिम र दुर्घटना न्युनीकरण गरी स्वास्थ्य परीक्षणलाई थप व्यवस्थित, मर्यादित र गुणस्तरीय वनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७९ वमोजिमको समितिको मिति २०७८।११।२२ को सिफारिस, वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्यको सुधारका लागि गठित अध्ययन कार्यदलको प्रतिवेदन, २०८१ र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६ वमोजिमको विशेषज्ञ समितिको मिति २०८१।१०।०२ को सिफारिस समेतको आधारमा नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०८१।१२।०८ को निर्णयानुसार तपसील बमोजिमका निर्णयहरु भएकोले सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः-

तपसील

१. स्वास्थ्य परीक्षण सेवालाई गुणस्तरीय बनाउन सूचीमा उल्लेख भए बमोजिम ३४ (चौतीस) प्रकारका परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ।
२. स्वास्थ्य परीक्षण सेवा दस्तुर निर्धारण गर्दा नेपाल सरकारले तोकेको शुल्कलाई आधार मानी वैदेशिक रोजगारमा जाने कामदारलाई सहुलियत हुने गरी सबै परीक्षणको प्याकेजमा रु. ९,५००।— (अक्षेरुपी नौ हजार पाँच सय) कायम गरिएको छ।
३. वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नविकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को छैंटौ संशोधन गरिएकोले संसोधन सहितको कार्यविधि यसैसाथ संलग्न गरिएको छ ।
४. सूचनाको खण्ड (१) र (२) को कार्यन्वयनका लागि सूचिकृत स्वास्थ्य संस्थाहरुले आवश्यक पूर्वाधार सूचना प्रकशन भएको मितिवाट दुई महिनाभित्र तयार गरी मन्त्रालयबाट निरीक्षण गराई कार्य प्रारम्भ गर्नु पर्नेछ। यसरी कार्यविधि बमोजिमको पूर्वाधार तयार नगर्ने स्वास्थ्य परीक्षण संस्थाको सूचीकरण एवं नविकरण खारेज गरिने छ।
५. स्वास्थ्य परीक्षण कार्यलाई विद्युतीय प्रणालीमा लाने गरी आवश्यक तयारी गर्न विज्ञ समिति गठन गरी एक महिनाभित्र प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाईएको छ।
६. सूचनामा तोकिए बमोजिमका परीक्षण सम्पन्न गरी वैदेशिक रोजगार विभागमा अपलोड गरेपश्चात मात्र वैदेशिक रोजगारमा जाने कामदारको अन्तिम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाईएको छ।
७. वैदेशिक रोजगारमा जाने कामदारलाई स्वास्थ्य सचेतना वृद्धि गर्ने गरी पूर्व प्रस्थान तालिमको पाठ्यक्रममा स्वास्थ्य सम्बन्धी थप विषय समावेश गर्न वैदेशिक रोजगार बोर्डलाई पत्राचार गरिएको छ।

२०८१।१२।१५